# पशुपंक्षि सेवा प्रसार  तथा व्यवसायिक सञ्चालन  कार्यविधि २०७४

## प्रस्तावनाः

दार्मा गाउपालिकाक्षेत्र भित्रका ९५% जनताहरु पशुपंक्षि पालन व्यवसाय निर्वाहमुखि वाट विस्तारै व्यवसायिकरण हुदै गइरहेको परिपेच्छेमा यस क्षेत्रको नविन क्षेत्रमा लगानि विस्तार गरि समग्र व्यवसायलाइ नै प्रतिस्पर्धि वनाउन  आवस्यक छ ।यसका लागी दुध उत्पादन ,वाखाको मासु उत्पादन र स्थानिय कुखुराको अण्डा तथा मासु उत्पादनमा सहयोग गर्नका लागी दार्मा गाउँपालिका पशुसेवा शाखाको आर्थिक वर्ष  २०७४/०७५ को वार्षिक कार्यक्रम स्वीकृत भएको  छ ।जस अन्तर्गत उपचार सेवा समुह समिति गठन तथा अनुगमन ,तालिम ,गोष्ठि ,सञ्चालन ,VACCINE सेवा ,खोर सुधार ,आहारा ,जुनोटिक रोग ,वाँझोपन निवारण जस्ता कार्यक्रमहरु सञ्चालन गरि कार्यन्वयन गर्न दार्मा गाउँकार्यपालिकाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकारसञ्चालन ऐन २०७४ का दफा १०२ बमोजिम य़ो  कार्यविधि तयार गरेको छ ।

### परिच्छेद-  १

**प्रारम्भिक,**

**१ ,संक्षिप्त नाम र  प्रारम्भ**

(क) यो कार्यविधिको नाम  पशुपंक्षि सेवा  प्रसार तथा व्यवसायिक सञ्चालन  कार्यविधि २०७४ रहेको छ ,

ख ) यो कार्यविधि दार्मा गाउँकार्यपालिका वाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा ,**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

कार्यविधि भन्नाले पशुपंक्षि सेवा तथा व्यवसायिक सञ्चालन  कार्यविधि ,२०७४ सम्झनु पर्दछ ।

(क) “गाउँपालिका भन्नाले दार्मा गाउँपालिका  सम्झनु पर्छ ।

(ख)  “अध्यक्ष ” भन्नाले दार्मागाउपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले  प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(घ)  “उत्पादक” भन्नाले  कृषि वस्तु उत्पादन गर्ने  कृषक वा कृषि कम्पनी वा कृषि फर्म वा कृषि सहकारीलाईसम्झनु पर्छ ।

(ङ) "एजेन्ट" भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबारोगर्ने दर्ता वाला व्यक्ति सम्झनु पर्छ र सो शव्दले संगठित संस्थाका प्रतिनिधिहरुलाई समेत जनाउछ।

(घ) "कार्यपालिका" भन्नाले दार्मा गाउँकार्यपालिकासम्झनुपर्छ।

(ङ) "कोष" भन्नाले यस ऐनको दफा १० बमोजिम स्थापित भएका पशुपंक्षि व्यवसाय प्रर्वद्धनकोषलाइ सम्झनु पर्छ।

(च) "कृषक" भन्नाले यस कार्यविधि प्रयोजनका लागि कसैको जग्गा करारमा लिइ वा आफ्नो जग्गामा व्यावसायिक पशुपंक्षि पालन गर्ने कृषक, कृषक समुह, कृषि व्यवसायी, पशु फर्म र कृषि सहकारी संस्था समेतलाई सम्झनु पर्छ ।

(छ) ,हाट बजार" भन्नाले पशु उपजको् दुध ,अण्डा ,मासु ,घ्यू , प्याकजिङ्ग, ढुवानी, पशुपंक्षि संकलन, वितरण तथा पशु उपजको बिक्री वितरण गर्ने पशु हाट बजार सम्झनु पछ।

(ञ) "पशु वस्तु" भन्नाले कृर्षकले पालेका चौपाय तथा पंक्षि सम्झनु पर्छ।

(ट) "पशुपंक्षि व्यवसाय" भन्नाले देहायका व्यवसाय सम्झनु पर्छ :(

(१) व्यावसायिक उद्देश्यले गरिने पशुपंक्षि फर्म ,पशुपंक्षि जन्य उत्पादन र विक्रिवितरण ,

(२) पशुपंक्षि जन्य वस्तुको प्रशोधन,

(३) पशुपंक्षि जन्य उपजको व्यापार,

(५) पशुपंक्षि जन्य उत्पादनका लागि प्रयोग हुने आहारा ,आवास ,नश्ल सुधार ,उपचार सेवा ,तालिम सञ्चालन , परामर्श ,चिलिङ्ग

(६) पशुर्पक्षिमा प्रयोग हुने औषधि उपचार एवं उत्पादन, परामर्श, भण्डारण तथा बिक्री व्यवसाय ।

(ठ) "खुद्रा बजार" भन्नाले कुल विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनु पर्छ।

(ड) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस कार्यविधि बमोजिम कार्यविधिले तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ण) "थोक वजार " भन्नाले उत्पादक वा विक्रताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने स्थल जहां के.जी. भन्दा बढी पशुपंक्षि उपज खरिद विक्रि हुने थोक बजारलाई सम्झनु पर्छ।

(त)"बिक्रेता" भन्नाले पशुपंक्षि वस्तुहरू खरिद बिक्री गर्ने व्यापारी,कृषक समुह, पशुपंक्षि फर्म , सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाइ सम्झनु पर्छ ।

(न) "मन्त्रालय" भन्नाले संघ तथा प्रदेशको पशुपंक्षि क्षेत्र हेर्ने मन्त्रालयलाइ सम्झनु पर्दछ।

(प) "व्यवसायिक पशुपंक्षि करार" भन्नाले व्यवसायिक पशुर्पक्षि पालन वा फार्म सञ्चालन गरि पशुपंक्षि वस्तुको व्यावसायिक उत्पादन, खरिद, विक्री, सञ्चय र बजारीकरण गर्न वा पशुपंक्षि व्यवसाय प्रबर्द्धन गर्न दुई वा दुईभन्दा बढी पक्ष वीच भएको सम्झौता वा व्यवसायिक पशुपंक्षि करार सम्झनु पर्दछ।

(फ) "वडा" भन्नाले दार्मागाउपालिकाका सबै वडा सम्झनुपर्छ ।

(ब) "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन भएका पशुपंक्षि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

(भ) "सभा" भन्नाले दार्मा गाउँसभालाई सम्झनुपर्छ।

(म) "संकलन केन्द" भन्नाले कृषकहरूले बजारमा विक्री गर्ने उद्देश्यले पशुपंक्षि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्ने स्थानलाई संकलन केन्द सम्झनु पर्छ।

(य) "हाट(बजार" भन्नाले पशुपंक्षि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्येले स्थानीय तहबाट स्वीकृत लिइ सञ्चालन भएका हाट बजारलाइ सम्झनु पर्छ।

र) अनुदान भन्नाले गोठ , खोरमा र प्रजनन कार्यको लागी भाले जातका पशुपंक्षि खरिदको लागी ५० % अनुदान सम्भि,नु पर्दछ।

ल) गोठ वा खोर भन्नाले दर्मा गाउँपालिका पशुसेवा शाखाले उपलव्ध गरायको नमुना वमोजिम वनेको गोठ वा खोर सम्झनु पर्दछ।

व) पशु उपचारका लागी औषधि खरिद भन्नाले यस दार्मा गाउँपालिकाको पशुसेवा शाखाले खरिद गरि निशुल्क उपचार सेवा सञ्चालन गरेको सम्झनु गर्दछ।

स)समुह गठन कृर्षकहरुले पशुपंक्षि व्यवसाय गर्नै उद्धेश्यले गठन भएको कृर्षक समुह सम्झनु पर्दछ।

ष )जुनोटिक रोग भन्नाले पशु वाट मानिसमा र मानिस वाट पशुमा सर्ने रोग सम्झनु पर्दछ।

## परिच्छेद ३

## अवधारणा, लक्ष्य, उद्देश्य र नीति

**३.अवधारणा**

दार्मा गाउपालिकाको क्षेत्रभित्र रहेका किसानहरु लाई पशुपंक्षि पालनमा स्थानिय श्रोत साधनको अधिकतम प्रयोग गर्दे किसानहरुको आर्थिक स्तरवृद्धि गरि प्रत्यक्ष लाभान्वित हुने कार्यक्रम सञ्चालनमा टेवा पु-याउनु नै कायक्रमको अवधारणा हुनेछ।

४. **लक्ष्य** : दिगो र व्यवसायिक विकास द्धवारा पशुपंक्षि क्षेत्रलाई प्रतिस्प्रर्धि र आत्मनिर्भर उन्मुख वनाउने।

**५.उद्देश्य :**

**क** )पशुपंक्षि उत्पादन ,उत्पादकत्व वृद्धि गरि पशुपंक्षि उपजमा आत्मनिर्भर उन्मुख हुनु।

**ख**)निर्वाहमुखि पशुपंक्षि प्रणालिलाइ नाफामुलक, दिगो एवं व्यवसायिक प्रणालिमा रुपान्तरण गर्नु।

**ग**) पशुपालनमा आधारित उद्योगको स्थापना गरि रोजगारी र आम्दानि वृद्धि गर्नु।

**घ**) पशुपंक्षि पालन क्षेत्रको प्रतिस्प्रर्धात्मक क्षमता वृद्धि गरि स्थानिय अर्थतन्त्रमा टेवा पु-याउनु।

६.कार्यनिति :

क).पशुपंक्षि उपचार सेवाका लागी औषधि खरिद र वितरण :दार्मा गाउँपालिका वाट स्वीकृत वजेट वाट निशुल्क उपचार सेवाका लागी पशुसेवा शाखाका प्रमुखले औषधि खरिद गरि कृर्षकहरुलाइ सेवा उपलब्ध गराउने ।

तर, वुदा न. ६) को खण्ड( क )मा जुनसुकै कुरा लेखिएता पनि कृर्षकले पशुपंक्षि उपचार गराउदा कार्यालयमा नाम दर्ता गर्दा पशुपंक्षिलाइ तपशिलको शुल्क लाग्ने छ ।

| क.स | पशुपंक्षिको जात | | शुल्क प्रतिगोटा रु . |
|---|---|---|---|
| १ | कुखुरा | | १ |
| २ | भेडा वाखा | | ५ |
| ३ | सुगुर वगुर | | ५ |
| ४ | गाइ भैंसि | | १० |
| ५ | कुकुर विरालो | | ५० |
| ६ | पशु | वोका | २५ |
| | वन्ध्याकरण | वहर | ५० |

**ख) तालिम सञ्चालन** :यस दार्मा गाउँपालिको पशु सेवा शाखा वाट सञ्चालन गरिने आधारभूत पशुपंक्षि तालिम सञ्चालनको लागी आवस्यक व्यवस्था गरिने छ भने उक्त तालिम सञ्चालन गर्दा प्रयोग हुने प्रक्षिकको सहजकर्ता भत्ता प्रति कक्षा रु .१००० र कार्य तयारी खर्च रु ५००।को व्यवस्थापन गरिने छ ।

**ग)पशु आहारा** :उन्नत जातको हिउदे वर्षे तथा एक वर्षे र वहु वर्षे घाँसको विउ वेर्ना तपशिल अनुसारको दर रेटमा खरिद गरि निशुल्क वितरण गरिने छ र पशुमा हुने विभिन्न किसिमका मिनरल तथा भिटामिनको कमिहुन नदिनका लागी मिनरल वलक खरिद तथा निशुल्क वितरणको व्यवस्था गरिने छ ।

**तपशिल :**

१.डाले घाँसको वेर्ना प्रतिगोटा रु .५

२.वहवर्षे भूइ घाँस प्रतिगोटा रु .२

३.अम्प्रिसो प्रतिगोटा रु .३

४.मकै चरि प्रति के.जि .रु .६०

५. जै घाँस प्रति के.जि .रु .५०

माथि उल्लेखि आहारको दर पशुसेवा विभागको दर रेटलाइ आधारमानि तयार पारियको छ ।

**घ)गोठ खोर सुधार** : सुधारिएको गोठ खोर निर्माणका लागी गाउँ पालिका वाट पचास प्रतिसत अनुदान उपलव्ध गराउने छ ।

**ङ) जुनोटिक रोग** : जुनोटिक रोग वारे जनचेतनामूलक गतिविधि ,विद्यालय शिक्षा जस्ता कार्यक्रम सञ्चालन गरिने छ ।

**च) पशु प्रजनन सेवा कार्यक्रम** : पशु प्रजनन कार्यक्रमको लागी राँगा र वोका खरिद गरि आवस्यकताको पहिचान गरि वितरण गरिने छ ।

**ज) पशु स्वास्थ्य तथा वाँझोपन निवारण सिविर सञ्चालन** : यस दार्मा गाउँपालिकाका पशुसेवा शाखाको पहुच भन्दा टाढा रहेका किसानलाइ मध्यनजर गरि पशु स्वास्थ्य सिविर सञ्चालन गरिने छ ।

**झ)समुह गठन तथा अभिमुखिकरण तालिम** :यस दार्मा गाउँपालिका भित्र रहेका दलित जनजाति,विपन्न ,पिछडिएको वर्ग ,अल्पसङख्यक समुदायलाइ अवसरमा प्राथमिकता दिइने छ ।

## परिच्छेद ४
## विविध

**७.कार्यालय प्रयोजनको लागी सामाग्री खरिद** : सार्वजनकि खरिद ऐन वमोजिम कार्यालयले आवस्यकताको आधारमा सामाग्री खरिद गरिने छ ।

**८.कर्मचारिको क्षमता अभिवृद्धि तालिम** : कर्मचारिहरुको क्षमता अभिवृद्धि गर्न ,सेवाकालिन तालिम ,विषयगत तालिमहरु सञ्चालन गरिने छ उक्त तालिममा सहभागी पठाए वापतको खर्च पशु सेवा शाखालाइ छुट्याएको वजेट वाट दिइने छ ।

**९.इन्भेन्ट्री तयारि गर्ने** :समुह समिति ,मासु पशल ,एग्रोभेट ,पाराभेट,पशुपंक्षि फर्म पशुपंक्षि तथ्याङ्क जस्ता कार्य गरिन्छ ।

**१०.गाउँपालिका स्तरिय योजना तर्जुमा गोष्ठि** : पशुपंक्षि सम्वन्धि विभिन्न खालका सम्भावित क्षेत्रको पहिचान गरि योजना वनाइ लागु गरिने छ ।

**११.आकस्मिक उपचार सेवा** : यस दार्मा गाउँपालिका भित्र पशुपंक्षिमा आकस्मिक रोगहरु देखापरेमा उपचारको लागी जगेटा वजेटको व्यवस्था गरिने छ

**१२.खोप सेवा** : गाउँपालिका भित्रका पशुपंक्षिमा विभिन्न खालका रोगको विरुद्ध रोगथामको लागी खोप सेवा कार्यक्रम सञ्चालन गरिने छ ।

**१३. दैनिक भत्ता :यस** : पशुपंक्षि सेवा प्रसार तथा व्यवसायिक सञ्चालन कार्यक्रम अन्तर्गत आवस्यक पर्ने दैनि भत्ता ,तालिम भत्ता यसै वजेट वाट आर्थिक ऐन वमोजिम खर्च गरिने छ ।

१४˙ किसानहरुलाई तालिममम

१४. **जाँच पास तथा अनुगमन** : पशुसेवा शाखा वाट सञ्चालनको प्रभावकारिताको लागी यस दार्मा गाउँपालिका वाट जनप्रतिनिधि र प्राविधिकले सम्भौता अनुसार कामको भए नभएको जाँच पास तथा अनुगमन गरि अन्तिम भूक्तानि दिन सक्ने छ ।

१५. **कार्यविधिको संशोधन :**

यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा दार्मा गाउँपालिकाको कार्यपालिकाले संशोधन गर्न सक्ने छ ।

१६. **बचाउ र खारेजी :**

क)यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको पशुर्पक्षि सेवा सञ्चालन सम्वन्धि ऐन नियम र प्रचलित कानुन सँग बाझिन गएमा बाझिएको हकमा स्वत: खारेज भएको मानिनेछ ।